# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ३ संख्या १७ मिति २०७६ चैत्र ३० गते


## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायर्हरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६**

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थावाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि भुम्लु गाउँपालिकाबाट राहत उपलब्ध गराउने गरी भुम्लु गाउँपालिकाबाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषण गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) "असहाय" भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वार, चर्च वा वृद्धाश्रममा वस्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) "राहत" भन्नाले नेपाल सरकारवाट निर्णय भए बमोजिम भुम्लु गाउँपालकिाले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनु पर्छ ।

(घ) "गाउँपालिका भन्नाले" भन्नाले भुम्लु गाँउपालिका सम्झनु पर्छ ।

३. **अभिलेख राख्नु पर्ने :** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यलयले अभिलेख तयार गर्नु पर्नेछ ।

(क) पसलवाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) पर्यटक, भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने वाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

(ग) ट्रक, टिपर, भ्यानवाट समान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

(ङ) आफनो नातेदार बाहेकका व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु् तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(च) गिटी कुट्ने, वालुवा चाल्ने तथा ईंटा भट्टामा काम गर्ने मजदुर ,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङलो पसले, दैनिकरुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान विक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायत मजदुर :

१. अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलीभरी भ्यान चलाउने सवारी चालक, सहचालक,
२. दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,
३. रिक्सा तथा ठेलागाडा चालक,
४. सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(ट) भुम्लु गाउँपालिकामा दैनिक ज्यालादारीका काम गर्ने अन्य व्यक्ति ।

(२) यस दफा वमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची-१ वमोजिम सम्वन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तिन दिनभित्र तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।

४. **राहत वितरण गर्नु पर्ने :** दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची

२ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ ।

५. **राहत सामाग्री :** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असाहयहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिने छ ।

| **दुई जनासम्म व्यक्ति भएको परिवार भए** | **दुई जनाभन्दा वढी व्यक्ति भएको परिवार भए** |
|---|---|
| (क) चामल १५ किलोग्राम<br>(ख) दाल १।५ किलोग्राम<br>(ग) नुन १ पाकेट<br>(घ) खाने तेल १ लिटर<br>(ङ) साबुन २ वटा (कपडा धुने १ नुहाउने १) | (क) चामल ३० किलोग्राम<br>(ख) दाल ३ किलोग्राम<br>(ग) नुन २ पाकेट<br>(घ) खाने तेल २ लिटर<br>(ङ) साबुन ४ वटा (कपडा धुने २ नुहाउने २) |

(२) यस मापदण्ड बमोजिमको राहत वितरण कार्य एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नु पर्नेछ । साथै, परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) मा उल्लेख भए बमोजिमको राहत सामाग्री वितरण गरिने छ ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय

आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनससकै कुरा लेखिएको भएतापनि एकै परिवारको एकभन्दा वढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

(५) तपसिल बमोजिमका व्यक्तिरपरिवारले यस मापदण्ड बमोजिम राहत प्राप्त गर्ने छैनन् ।

क) परिवारको कुनै सदस्य सरकारी लाभको पदमा रहेको,

ख) सामाजिक सुरक्षा भत्तारपेन्सन प्राप्त गर्ने व्यक्तिको परिवार,

ग) कुनै व्यापार व्यवसाय अंगालेको व्यक्ति,

घ) कुनै गैर सरकारी संघ-संस्थामा रही कामकाज गर्ने व्यक्ति,

ङ) परिवारको कुनै सदस्यको नाममा पक्की घर र सवारी साधन भएको ।

६. **वितरण गर्ने विधि :** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ ।

(क) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने ।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिवाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने :

१. भुम्लु गाउँपालिकाले आफनो ्‍ क्षेत्रभित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्तावाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भएसम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

२. दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड ( १) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

७. **राहत वितरणको अभिलेख र प्रतिवेदन :** (१) सम्बन्धित वडाले वितरणको अनुसूची -२ बमोजिमको राहत विवरणको अभिलेख आफनो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) भुम्लु गाउँपालिकाले राहतका प्रतिवेदन अनुसूची ३ वमोजिमको ढाँचामा पाक्षिक ‌‌‌‌‌‌‌‌‌‌‌‌` रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

८. **कारवाही सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएको व्यक्तिले भुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफासि गर्ने पदाधिकारी लाई समेत प्रचलित कानुन

वमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हदसम्मको रकम झिमरुक गाउँपालिकाले निजवाट असुल गर्नु पन

## अनुसुची १
## (दफा ३ संग सम्बन्धित) अभिलेखको ढाँचा

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण :**

१. नाम थर:

२.बाबुको नाम:

३.बाजेको नाम:

४. स्थायी ठेगाना :

५.हालको ठेगाना :

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा) :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान:

८.गर्ने कामको विवरण:

**९.पेश गरेको कागजातको विवरण :** (कम्तिमा कुनै एक कागजात संलग्न हुनुपर्ने)
क.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा,
ख.गरिब घर परिबार परिचयपत्रको प्रतिलिपि वा
ग.सबारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ.अन्य

**१०.राहत लिने व्यक्तिको स्वःघोषणा :** म र मेरो परिबारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक :

दस्तखत :

मिति :

सिफारिश गर्ने पदाधिकारी :

दस्तखत :

नामः

पद :

भुम्लु गाउँपालिका मितिः वडा नं.

**औठाको छाप**

| दायाँ | बाँया |
|---|---|
| | |

# अनुसुची २

## (दफा ७ को उपदफा १ संग सम्बन्धित) अभिलेखको ढाँचा

## भुम्लु गाउँपालिका

## वडा नं. ....... कार्यालय

## राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना | सम्पर्क नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

राहत वितरण गर्नेको दस्तखत :

नाम थर : सम्पर्क नं.:

# अनुसुची ३

## (दफा ७ को उपदफा २ संग सम्बन्धित) भुम्लु गाउँपालिका प्रतिवेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना | सम्पर्क नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमाणित गर्नेको :

दस्तखत :

नाम थर :

सम्पर्क नं

आज्ञाले,
मदन कुमार बजगाई
प्रमुख प्रशासकीय अधिकृत